☎(फोन नं.): ०६६-५२०१५०

# बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ

गण्डकी प्रदेश, नेपाल ।

## सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मितिः २०८२/०९/१३**

यस बेसीशहर नगरपालिकाको लागि देहाय बमोजिमको पदमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकाले इच्छुक योग्य नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रीतपूर्वकको दरखास्त फाराम भरी यस नगरपालिकाको कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फारम र अन्य विस्तृत विवरण कार्यालयबाट वा वेवसाईट www.besishaharmun.gov.np बाट उपलब्ध हुनेछ ।

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या | शैक्षणिक योग्यता | दरखास्त शुल्क |
|---|---|---|---|---|---|
| १. | ७-०८२/०८३ | अ.न.मि. | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मि. कोर्ष उत्तीर्ण | ६००/- |

१) पदपूर्ति सम्बन्धी अन्य शर्तहरु :

क) उमेर :- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

ख) दरखास्त दिनुपर्ने अन्तिम मिति :- २०८२।०९।२७ गते । (बिदा परेमा सोको भोली पल्ट)

ग) परिक्षा मितिः पछि प्रकाशन गरिनेछ ।

घ) दरखास्त बुझाउने स्थानः बेसीशहर, नगर कार्यपालिकाको कार्यालयको प्रशासन शाखा ।

ङ) दरखास्त दस्तुरः रु.६००।- (अक्षरुपी छ सय रुपैया) यस कार्यालयको राजश्व शाखामा वा राजश्व पोर्टलवाट बुझाइ सक्कलै रसिद पेश गर्नुपर्नेछ ।

च) कर्मचारीको सेवा, शर्त तथा सुविधाः नगरपालिकाको करार सम्झौता अनुसार ।

छ) परिक्षाको किसिमः लिखित र अन्तर्वार्ता ।

ज) दरखास्तको ढाँचा र छनौट विधि सम्बन्धी अन्य सम्पूर्ण प्रक्रियाहरु:- बेसीशहर नगरपालिकाको करार सेवामा कर्मचारी व्यवस्थापन ऐन, २०८२ अनुसार हुनेछ ।

झ) पाठ्यक्रमः सम्वन्धित पदको लागि प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश पोखराले निर्धारण गरे बमोजिम

नि. प्रमुख प्रशासकीय अधिकृत

२) दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु :

क) नेपाली नागरिकताको प्रमाणपत्र, न्यूनतम शैक्षिक योग्यताको लब्धांक प्रमाणपत्र तथा चारित्रीक प्रमाणपत्रको छायाँकपि ।

ख) काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको छायाँकपि ।

ग) कार्य अनुभव भएमा सोको प्रमाणपत्रको छायाँकपि तथा उक्त कार्य अनुभव सम्बन्धी नियुक्ति पत्रको छायाँकपि ।

घ) कुनै तालिम लिएको भए सो सम्बन्धी प्रमाणपत्रको छायाँकपि ।

३) आवेदन फाराम यस नगरपालिकाको वेवसाईट www.besishaharmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ वा यस कार्यालयको प्रशासन शाखाबाट समेत प्राप्त गर्न सकिनेछ ।

४) विस्तृत जानकारीको लागि यस नगरपालिकाको सम्पर्क नं. ०६६-५२०१५०, इमेल besishaharmunicipality@gmail.com मा सम्पर्क गर्न र वेबसाइट www.besishaharmun.gov.np बाट हेर्न सकिनेछ

द्रष्टव्य: रीतपूर्वक पेश नभएका तथा म्याद नाघी दर्ता हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

नि. प्रमुख प्रशासकीय अधिकृत